नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमी प्रशासन कार्यालय,रंगेली

प.सं.:
च.नं. 246

मिति: २०८३/०४/२६

बिषय : सुचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री सुनवर्षी न.पा.को कार्यालय, डाइनिया, मोरङ्ग।
श्री सुनवर्षी न.पा. वडा नं. ५ को कार्यालय, टकुवा, मोरङ्ग।
श्री इलाका प्रशासन कार्यालय, रंगेली, मोरङ्ग ।
श्री नापी कार्यालय, रंगेली, मोरङ्ग ।
श्री जिल्ला प्रशासन कार्यालय, बिराटनगर, बिराटनगर
श्री भूमि प्रशासन कार्यालय, बिराटनगर, मोरङ्ग।
श्री जिल्ला अदालत बिराटनगर , मोरङ्ग।
श्री नापी कार्यालय, बिराटनगर, मोरङ्ग ।
श्री उद्घोस दैनिक पत्रिका सुचना प्रकाशन गरी दिन हुन।

उपरोक्त सम्बन्धमा झल्लिया साहु तेली नाम दर्ताको नामसारी बिषयको हकदावी सम्बन्धी ३५ दिने सुचना थान १(एक) यसै पत्रसाथ पठाइएको छ । तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी पठाइदिन अनूरोध छ ।

सुनवर्षी नगरपालिका डाइनिया, मोरङ
दर्ता नं. 833
दर्ता मिति: 2083/4/29

भू.प्र. अधिकृत

**भुमि प्रशासन कार्यालय रंगेली, मोरङ्गबाट जारी भएको नामसारी सम्बन्धमा**

**३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना**

मितिः- २०८३।०४।२६

जि. मोरङ्ग, टकुवा गा.वि.स.वार्ड नं.-२ हाल परिवर्तित ठेगना सुनवर्षी न.पा.वार्ड नं.-५ बस्ने तारा चन्द्र साह र उत्तम चन्द्र साहले हाम्रो आफ्नै दिदी झल्लिया साहु तेलीको नाममा दर्ता स्रेस्ता कायम रहेको तपसिलका जग्गा नामसारी प्रयोजनार्थ, निज जग्गाधनी झल्लिया साहु तेली र निजको पति- पवनलाल साहको क्रमशः मितिः- २०५९।०६।१५ र २०४०।०५।१० मा निःसन्तान अवस्थामै मृत्यु भएको, मृतक पत/पत्नीहरु दुवैजना नातामा हाम्रो आफ्नै दिदी-भिनाजु भएको र दिदी- झल्लिया साहु तेलीको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गाहरुको हक अंश खाने/जाने निज मृतकको सासु-ससुरा, जेठाजु-जेठानी, देवर-देवरानी वा घरपट्टी तर्फका अन्य हक-अंश खाने/जाने कोही पनि अंशियारहरु नभई उक्त जग्गाको हक-अंश खाने/जाने माईती तर्फका हामि दुई दाजु-भाई निवेदकहरु मात्र भएकोले तपसिलको जग्गा हामि निवेदकहरुको संयुक्त नाममा नामसारी गरी सो को स्रेस्ता/पुर्जा उपलब्ध गराई पाउँ भनि द.नं. ७०३ मितिः- २०८३।०३।२३ मा मा निज निवेदकहरुले संयुक्त निवेदन दिएकोले निज निवेदकहरुको माग दावी बमोजिम निजहरुको नाममा संयुक्त नामसारी गरी जग्गाधनी प्रमाण-पूर्जा दिन नमिल्ने वा नपर्ने कुनै अवस्था तथा कारण भए वा उक्त जग्गाको हक-अंश खाने/जाने मृतक जग्गाधनीको घर पट्टी तर्फका सासु-ससुरा, जेठाजु-जेठानी, देवर-देवरानी वा अन्य हक-अंश खाने/जाने कोही रहे/भए वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य साँध-सँधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाप-जाँच भएको भए वा कोही कसैले तपसिलमा उल्लेखित जग्गाको हकमा, नामसारी लगायत अन्य हक-हस्तान्तरण सम्बन्धि प्रकृयाहरु, यो सूचना प्रकाशित गर्नु पूर्व सो जग्गाको मिसिल भिडाई नामसारी वा दा.खा. प्रकृयामा रहे/भएको भए वा कुनै पनि अड्डा अदालतमा विचराधीन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजूर/दावी पर्न नआए निवेदकको माग दावीलाई कानून बमोजिम स्वीकार गरी निवेदकहरुको नाममा संयुक्त नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजूर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्धारा अवगत गराइन्छ।

तपसिल

| मृतक ज.ध.को नाम | जिल्ला | गाविस | वडा नं. | सि.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झल्लिया साहु तेली | मोरङ्ग | टकुवा | २क | नभएको | ५९३ | ०-१-१५-० | मोठ/रोक्का भिडी आएको |

८३।४।२५

८३।०४।२३

प्र.प्र. अधिकृत